# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः १४ मितिः २०८२/०९/२८

भाग — १

## देवघाट गाउँपालिकाको प्लाष्टिकजन्य वस्तुको प्रयोगमा नियमन, नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८२


## देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको प्लाष्टिकजन्य वस्तुको प्रयोगमा नियमन, नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८२

गाउँसभाबाट स्वीकृत मिति: २०८२/०९/२५

प्रमाणीकरण र प्रकाशन मिति: २०८२/०९/२८

**प्रस्तावनाः**

देवघाट गाउँपालिका क्षेत्र भित्र दिन प्रतिदिन प्लास्टिकजन्य वस्तुको प्रयोग बढ्दै जाँदा गाउँपालिकाको धार्मिक एवं सांस्कृतिक क्षेत्रमा बढ्दो प्रदूषण भई नागरिकको स्वास्थ्य एवं प्राकृतिक वातावरण एवं सुन्दरतामा प्रतिकूल प्रभाव परेकोले यस्तो प्रभावलाई न्यूनीकरण गरी देवघाट गाउँपालिकालाई स्वच्छ सुन्दर र वातावरण मैत्री बनाई फोहोरमैलाको स्रोतमा न्यूनीकरण तथा विसर्जन गरी प्लाष्टिक मुक्त गाउँपालिका निर्माण गर्ने उद्देश्यले गाउँपालिका क्षेत्रमा प्लाष्टिकजन्य झोला एवं वस्तुको विक्रिवितरण , प्रयोग, नियन्त्रण , नियमन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम देवघाट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “देवघाट गाउँपालिकाको प्लाष्टिकजन्य वस्तुको प्रयोगमा नियमन, नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८२” रहेकोछ।

(२) यो ऐन मिति २०८३ श्रावण १ गते देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन" भन्नाले देवघाट गाउँपालिकाको प्लाष्टिकजन्य वस्तुको प्रयोगमा नियमन नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८२ सम्झनु पर्दछ।

(ख) “गाउँपालिका” भन्नाले देवघाट गाउँपालिका सम्झनु पर्दछ।

(ग) “अध्यक्ष” भन्नाले देवघाट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) “उपाध्यक्ष” भन्नाले देवघाट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) अधिकार प्राप्त निकाय वा व्यक्ति" भन्नाले यस ऐनले तोकेको केही वा सवै कार्य कार्यान्वयनका निम्ति गाउँपालिकाले तोकेको कुनै संस्था, अधिकारीलाई जनाउनुका साथै सो शब्दले प्रमुख प्रशासकीय अधिकृतलाई समेत जनाउने छ।

(च) "हानिकारक फोहोरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्कासित वस्तु पदार्थ सम्झनु पर्दछ।

(छ) विसर्जन " भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन गर्ने कार्य सम्झनु पर्दछ।।

(ज)" अनुगमन समिति" भन्नाले दफा ६ बमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

(झ) "वडा अनुगमन समिति" भन्नाले ऐनको दफा ८ बमोजिम गठन हुने समिति सम्झनु पर्दछ।।

(ञ) "प्लाष्टिकजन्य वस्तु" भन्नाले प्लाष्टिकबाट निर्मित झोला, कप, गिलास, प्लेट, चम्चा, काटा, प्लाष्टिकबाट निर्मित फूलहरु, बुकेर एक पटक मात्र प्रयोग हुने प्लाष्टिकका सम्पूर्ण सामग्रीहरु (all single use plastic items) सम्झनु पर्दछ।।

(ट) "वैकल्पिक झोला "भन्नाले Starch based Bio-degradable Plastic, कटन, कागज, कपडा अथवा जुटवाट बनेका दैनिक उपभोग्य वस्तु तथा सामानहरु ओसार पोसार गर्नका लागि बनाइएका Bio-degradable झोलाहरुलाई सम्झनु पर्दछ।।

(ठ) "नगर प्रहरी" भन्नाले यस गाउँपालिकाको नगर प्रहरीमा नियुक्त कर्मचारी सम्झनु पर्दछ।

(ड) “निजी क्षेत्र” भन्नाले नाफा नकमाउने वा कमाउने गरी स्थापना भएको कम्पनी वा टोल विकास संस्था वा सामाजिक संघ संस्था तथा राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था समेत सम्झनु पर्दछ ।।

(ढ) “सार्वजनिक निजी क्षेत्र साझेदारी" भन्नाले गाउँपालिका र नीजिक्षेत्रका बीचमा कुनै काम गर्ने सम्बन्धमा कानून बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्दछ।

(ण) “तोकिएको" वा “तोकिए बमोजिम " भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(त) “न्युनीकरण” भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी सानो आकार तथा पुनःप्रयोग गरी परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्दछ ।।

## परिच्छेद - दुई

## प्लाष्टिकका बस्तुहरुको प्रयोग र त्यसको नियमन सम्बन्धी व्यवस्था

**३. प्लाष्टिकजन्य वस्तुको प्रयोगमा नियन्त्रण गरिनेः** (१) सार्वजनिक स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी ४० माईक्रोन भन्दा पातलो सवै वा केही प्लाष्टिकजन्य वस्तुको उत्पादन, आयात, निर्यात, बिक्री वितरण, भण्डारण तथा प्रयोगमा नियन्त्रण तथा रोक लगाईनेछ ।

(२) खाद्यपदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका वस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भै आएका प्लाष्टिक आदि जथाभावी फ्याक्न, थुपार्न, जलाउन र बस्तीमा फ्याक्न पाइने छैन ।

(३ पुनःचक्रण (Recycle) गर्न नसकिने प्रकृतिका प्लाष्टिकका झोला तथा वस्तुहरुको प्रयोगमा गाउँपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्नेछ।

(४) कुनै चिज वस्तु प्याकिङ्ग भई आएका प्लाष्टिक जन्य पदार्थहरु प्रयोगकर्ताले सुरक्षित रुपमा भण्डारण गरी बिक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) पुनःचक्रण गर्न सकिने प्लाष्टिकहरु उपभोग कर्ताले आफै बिक्री वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टिकहरु अन्य फोहरमैलामा नमिसाई गाउँपालिकाले तोकिदिएको स्थान सम्म पुऱ्याउनु पर्ने जिम्मेवारी सम्बन्धित उपभोगकर्ताको हुनेछ।

(६) प्लाष्टिकजन्य वस्तुहरु गाउँपालिकाले तोकिदिएको स्थानबाट मात्र पुनःचक्रणको लागि संकलन गर्ने र यसरी संकलन गर्दा गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम शुल्क तिर्नु पर्नेछ।

(७) कुनै पनि प्रकारका प्लाष्टिकजन्य वस्तुहरु अन्य फोहोरमैलासँग नमिसाई छुट्टै पोका भाँडा वा बोरामा राखी गाउँपालिकाबाट खटिने फोहरमैला संकलकलाई उपलब्ध गराउनु पर्नेछ।

(८) उपभोक्ताले प्रयोग गरि सकेका प्लाष्टिकका वस्तुहरुका खोलहरु, निजी क्षेत्र, संघसंस्था मार्फत खरिद गर्न लगाई पुनःचक्रणका लागि सम्बन्धित निकायमा विक्री गर्न गाउँपालिकाले सघाउनेछ।

(९) यो ऐनले निषेध गरेका प्लाष्टिकजन्य वस्तुहरु वाहेक अन्य प्लाष्टिकजन्य वस्तुहरुको उपयोग पछि भएको प्लाष्टिकजन्य फोहरको व्यवस्थापनमा त्यस्तो प्लाष्टिकका वस्तुहरु उत्पादन गर्ने उत्पादन कर्ताबाट आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको रकम असुल गरिनेछ। प्लाष्टिकको तत्काल विकल्प नहुने र प्रयोग गर्ने पर्न प्रकृतिको कारोबारमा प्रयोग हुने प्लाष्टिकवारे गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(१०) साझेदारीमा अन्य गाउँपालिकासँग सहकार्यमा प्लाष्टिक मुक्त अभियान गर्न चाहेमा गाउँपालिकाले कार्य योजना बनाई संचालन गर्ने व्यवस्था मिलाइनेछ।

४. **प्लाष्टिकजन्य वस्तु विक्री वितरण सम्बन्धमाः** यो ऐन लागू भएपछि कुनै पनि फर्म, कम्पनी वा व्यक्तिले निषेधित प्लाष्टिकजन्य वस्तुहरु देवघाट गाउँपालिका क्षेत्रमा उत्पादन, बिक्री वितरण, आयात, भण्डारण र प्रयोग गर्न समेत पाइनेछैन।

५. **गाउँपालिकाले निषेधित प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्नेः**(१) निषेधित प्लाष्टिकजन्य वस्तुहरु भन्दा उत्तम अन्य वातावरण मैत्री

थप विकल्प खोज्ने र प्लाष्टिकजन्य वस्तुहरु विस्थापित गर्न स्थानीय स्तरमा सामाजिक परिचालनको माध्यमबाट सहजीकरण कार्य गर्ने ।

(२) फोहरमैला व्यवस्थापन तथा निषेधित प्लाष्टिकजन्य वस्तुहरु सम्बन्धी हरेक टोल तथा बस्तीहरुमा विभिन्न बैठक, भेला एवम् अन्तरक्रिया, अभिमुखीकरण कार्यक्रम आयोजना गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(३) 3R (Reduce, Reuse & Recycle) कार्यान्वयन गर्न आवश्यक पहल तथा सचेतना कार्यक्रम संचालन गर्ने ।

(४) प्लाष्टिकजन्य वस्तुको प्रयोग बिक्री वितरण तथा विसर्जन सम्बन्धमा अनुगमन गर्ने ।

(५) निषेधित प्लाष्टिकजन्य वस्तुहरु सम्वन्धी कार्ययोजना बनाई सरोकारवाला संस्थाको सहकार्यमा प्रभावकारी तवरले कार्यान्वयन गर्ने ।

(६) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण अभियानलाई निरन्तरता दिनका लागि बार्षिक योजना, कार्यक्रम र बजेटको व्यवस्था मिलाउने ।

(७) कार्यक्रमको सम्बन्धमा आवश्यक प्रचार प्रसार गर्ने गराउने ।

(८) प्लाष्टिक झोला विस्थापन गर्न Bio-degradable (कपडा, कागज, Starch based Bio-degradable Plastic) झोला उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीलाई गाउँपालिकाले आवश्यक प्रोत्साहन गर्ने ।

**६. अनुगमन समितिः** (१) निषेधित प्लाष्टिकजन्य वस्तुहरुको नियमन, नियन्त्रण तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि गाउँपालिकामा देहाय बमोजिमको अनुगमन समिति रहनेछः

क) संयोजक – गाउँपालिका उपाध्यक्ष

ख) सदस्य - वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक-१ जना

ग) सदस्य - प्रतिनिधि, स्थानीय प्रहरी कार्यालयवाट १ जना,

घ) सदस्य - उद्योग वाणिज्य संघ र विभिन्न व्यावसायिक संघ संस्थाको प्रतिनिधि १ जना

ङ) सदस्य - उपभोक्ता हित संरक्षण मञ्च मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना महिला सहित प्रतिनिधि २ जना

च) सदस्य-नगर प्रहरी इन्चार्ज १ जना

छ) सदस्य सचिव -वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख १ जना

(२) आवश्यकतानुसार नेपाल सरकारका सम्बन्धित निकायका प्रमुख एवं प्रतिनिधिहरु, विषय विज्ञहरुलाई समितिले आमन्त्रण गर्न सक्नेछ।

**७. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** (१) निषेधित प्लाष्टिकजन्य वस्तुहरुको बिक्री वितरणमा प्रयोग कम गर्न सकिने किसिमका जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने।

(२) यस ऐन बमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, विक्री वितरण वा प्रयोग भए नभएको अनुगमन गर्ने।

(३) यस ऐन विपरीत निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण, प्रयोग गर्ने व्यवसायी, संस्था वा व्यक्तिलाई सचेत गराउने।

(४) वडा अनुगमन समितिलाई निषेधित प्लाष्टिकजन्य वस्तुहरु प्रतिबन्धका साथै फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा अनुगमन समिति र वन वातावरण तथा विपद् व्यवस्थापन समितिसँग समन्वय गर्न सक्नेछ।

(५) वडा अनुगमन समितिवाट प्राप्त सिफारिसलाई पुनरावलोकन गरी जरिवाना गर्ने ।

(६) कसुरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने।

(७) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण सम्वन्धी गाउँपालिकाले तोके बमोजिमको अन्य काम गर्ने।

(८) निषेधित प्लाष्टिकजन्य वस्तुहरु सम्बन्धी नीति नियम बनाउनु पर्ने भए गाउँ कार्यपालिकालाई सिफारिस गर्ने।

**८. वडा अनुगमन समिति:** (१) गाउँपालिकालाई प्लास्टिक मुक्त पालिका वनाउन र निषेधित प्लाष्टिकजन्य बस्तुहरुको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनका लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय अनुगमन समिति रहनेछ।

संयोजक - सम्बन्धित वडाका वडा अध्यक्ष

सदस्य - वडा अध्यक्षले तोकेको एकजना महिला सहित वडा सदस्य २ जना

सदस्य - वडा अध्यक्षले तोकेको स्थानीय व्यापारी १ जना

सदस्य - नजिकको प्रहरी प्रमुख वा प्रतिनिधि १ जना

सदस्य - टोल सुधार समितिका प्रतिनिधि १ जना

सदस्य - आमा समूहका प्रतिनिधि १ जना

सदस्य - क्लबका प्रतिनिधि १ जना

सदस्य सचिव - सम्बन्धित वडाको वडा सचिव

(२) उपदफा (१) मा उल्लेखित वडा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस ऐन बमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण वा प्रयोग भए नभएको अनुगमन गर्ने।

(ख) यस ऐन विपरीत निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, विक्री वितरण, भण्डारण भएको पाइएमा सम्बन्धित व्यवसायी, संस्था वा व्यक्तिहरुलाई सचेत गराउने।

(ग) निषेधित प्लाष्टिकजन्य वस्तुहरुको बिक्री वितरण कार्यमा नियन्त्रण तथा न्यूबीकरण सम्बन्धमा वडास्तरमा विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

(घ) "3R"का कार्यलाई प्रोत्साहन गर्ने आवश्यकता अनुसार सुविधा, पुरस्कार प्रदान गर्न सिफारिस गर्ने

(ङ) कसूरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने।

(च) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण सम्बन्धी गाउँपालिकाले तोके वमोजिमको अन्य काम गर्ने ।

(छ) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण गरेको सूचना तत्कालै गाउँपालिकामा जानकारी गराउने

(ज) वडा अनुगमन समितिको अन्य काम कर्तव्य र अधिकार गाउँ अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

**९. निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण प्रक्रियाः** दफा ६ र ८ अनुसार गठित अनुगमन समिति, सामाजिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समितिवाट गाउँपालिका क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रणको लागि स्थानीय स्तरमा समय समयमा अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा प्लाष्टिक झोला उत्पादन भण्डारण, बिक्री वा प्रयोग भएको पाईएमा निम्नानुसार प्रकृया बमोजिम कारवाही गरिनेछः (१) निषेधित प्लाष्टिकजन्य वस्तुहरुलाई अभिलेख राखी नियन्त्रणमा लिने ।

(२) निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादक, भण्डारण, विक्री वा प्रयोग कर्तालाई ऐन को दफा १० वमोजिम कसूर गरेको भनी दफा ११ वमोजिम जरीवाना गरिनेछ ।

(३) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रणमा लिएको सूचना तत्कालै सार्वजनिक गर्ने ।

**१०. कसूरः** यस ऐन निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादन, विक्री वितरण, आयत, भण्डारण र प्रयोग गरेमा यस ऐनको प्रयोजनको लागि कसुर गरेको मानिनेछ ।

**(११) जरिवाना तथा सजायः** (१) यस ऐन विपरित काम गर्ने बिक्रेता वा प्रयोगकर्तालाई कसूरको मात्रा हेरी गाउँपालिकाले निम्न बमोजिम जरिवाना वा सजाय गर्न सक्नेछः

क) प्लाष्टिक झोला विक्रेतालाई प्रथम पटकको लागि रु.२००/- (दुई सय रुपैया) र दोश्रो पटक

रु. ३००/-(तीन सय रुपैया) तेस्रो पटक देखि हरेक पटक रु.१,०००/- (एक हजार रुपैया) का दरले जरिवाना गर्ने ।

ख) प्लाष्टिक/पोलिथिन झोला प्रयोग गर्नेलाई प्रथम पटक रु. १०।- (दश रुपैया) दोस्रो पटक रु. ५०।- (पचास रुपैंया) र तेस्रो पटक रु. १००।- (एक सय रुपैंया) जरिवाना गरिनेछ । त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी अन्य सजायलाई अगाडि बढाउने ।

ग) ऐनले निषेध गरेको प्लाष्टिक पोलिथिन झोला उत्पादक कर्तालाई प्रथम पटक रु. ५००।-(पाँच रुपैया) दोस्रो पटक रु. १.०००।- (एक हजार रुपैंया) र तेस्रो पटक रु. २,०००।- (दुई हजार रुपैंया) जरिवाना गरिनेछ । त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी अन्य सजायलाई अगाडि बढाउने ।

(२) दफा ११ को १ को खण्ड (क) र (ख) अनुसारको ऐनको उल्लङ्घन गर्ने उत्पादक र बिक्री कर्तालाई गाउँपालिकाले व्यवसायिक दर्ता खारेजी तथा कारोबार बन्द गर्न एवं गाउँपालिकाबाट प्रदान हुने सबै प्रकारका सेवा बन्द गर्न सक्नेछ ।

**१२. पुरस्कारः** (१) गाउँपालिका क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादन, बिक्री वितरण, आयात, निर्यात, भण्डारण तथा प्रयोग गरेको सूचना गर्ने व्यक्ति नियन्त्रण गर्ने कार्यमा संग्लग्न अनुगमन समितिका सदस्य तथा कर्मचारीलाई जरिवाना रकमको २० प्रतिशत रकम मध्ये दामासाहीले पुरस्कार दिइनेछ ।

(२) दफा ११ को १ बमोजिम सूचना गर्ने व्यक्तिको नाम, थर र ठेगाना गोप्य राखिनेछ ।

**१३. नियन्त्रणमा लिएका प्लाष्टिकजन्यवस्तुहरु विसर्जनः** अनुगमनको क्रममा वा अन्य कुनै समयमा नियन्त्रणमा लिएका प्लाष्टिकजन्य वस्तुहरूलाई पुनः जस्ताको त्यस्तै प्रयोगमा ल्याउन नसकिने बनाउने कार्य गर्नेछ । यसका लागि उपलब्ध स्रोत साधनको प्रयोग गरी ती वस्तुहरूमा प्वाल पार्ने, काट्ने, वा धुल्याउने जस्ता प्रक्रिया अपनाइनेछ । त्यसपछि ती वस्तुहरू लिलाम बिक्री गरिनेछ ।

## परिच्छेद - तीन
## विविध

**१४. समन्वय, सहयोग तथा सहकार्यः** देवघाट गाउँपालिकालाई प्लास्टिक मुक्त गाउँपालिका बनाउन विभिन्न सरकारी निजी तथा गैरसरकारी संस्थासँग समन्वय, सहयोग र सहकार्य गर्न सकिने छ।

**१५. प्रचार प्रसारः** देवघाट गाउँपालिकालाई प्लास्टिकमुक्त गाउँपालिका घोषण गर्न लोगो प्रचार सामग्री तथा सूचकहरु तयार गरी विभिन्न सञ्चार माध्यमवाट प्रचार/प्रसार गरिनेछ।

**१६. गुनासो सुनुवाईः** दफा ११ बमोजिम गरिएको कार्यवाही प्रति चित्त नबुझे सरोकारवालाले जरिवाना भएको मितिले पन्ध्र दिनभित्र गाउँपालिकाका अध्यक्ष समक्ष प्रमाण सहित लिखित रुपमा गुनासो पेश गर्न सक्नेछ। सो गुनासो उपर गाउँपालिकावाट गुनासो पेश भएको एक हप्ता भित्र सुनुवाई सक्नु पर्नेछ।

**१७. ऐनमा हेरफेरःयो** ऐन कार्यान्वयनका लागि आवश्यकता अनुसार संसोधन वा थपघट गर्नु परेमा गाउँ सभाबाट आवश्यक परिमार्जन वा थपघट गर्न सकिनेछ।

**१८. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) गाउँपालिकाले यस ऐन अन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**१९. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**२०. बचाउः** यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

आज्ञाले
राजिव पन्थी
प्रमुख प्रशासकीय अधिकृत